दिपायल सिलगढी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, डोटी
Dipayal Silgadhi Municipality
Office of the Municipal Executive, Doti
☎ - ४२००९० - ४२०१६८
फ्याक्स नं.०९४-४२०२१७
ई-मेल-info@dipayalsilgadhimun.gov.np
web-site :dipayalsilgadhimun.gov.np
visit Nepal 2020 Lifetime Experiences


प.सं. :- ०७६/०७७
च.नं. :-

सिलगढी(Silgadhi)
सुदूरपश्चिम प्रदेश, नेपाल

# बोलपत्र/दरभाउ-पत्र आब्हान

प्रथम पटक प्रकाशित मिति २०७७/०३/३१

स्थानीय सरकार संचालन ऐन,२०७४ (परिच्छेद ९ मा नगरपालिकाको वित्तीय अधिकार क्षेत्र) दफा ६०,६१ र दफा ६४ को उप दफा (ग)र (च) मा व्यवस्था वमोजिम र निम्न अनुसारका दररेट कायम हुने गरी दिपायल सिलगढी नगरपालिका कार्यालयको क्षेत्राधिकार भित्र पर्ने निम्न अनुसारका आयशिर्षक आ.व.०७७/०७८ को आषाढ सम्मका लागि निम्न बमोजिम सिलवन्दी बोलपत्र/दरभाउ पत्र पेश वढावढद्धारा ठेक्का बन्दोवस्त गर्नु पर्ने भएकोले देहायमा उल्लेखित प्रकृया तथा शर्तहरु वमोजिम सिलवन्दी दरभाउ पत्र पेश गर्न हुन ईच्छुक सम्वन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| ठे.नं. | ठेक्का लगाईने योजनाको नाम | न्यूनतम ठेक्का अंक (मू.अ.क.वाहेक) | कैफियत |
|---|---|---|---|
| १ | ढुङ्गा, गिट्टी र वालुवा निकासी कार्य ( सेती नदीको बासुधारा, गोदरेखोला, ढ्वारीखोला, सेति नदीको मटेला क्षेत्र,सेती नदीको बाटुलाखान ( चाखडीगाड देखी पश्चिम तर्फ बाटुलाखान) क्षेत्रहरुबाट । | २०,००,०००। (बिस लाख) मु.अ.कर बाहेक) | बोलपत्र |
| २ | न.पा.क्षेत्रबाटं निकासी हूने कवाडी माल सामान (कानुनले निषेधित गरेको माल सामान बाहेक) | १,००,००० ।(एक लाख) | दरभाउ-पत्र |
| ३ | वडा नं. ५ को बसपार्कको पार्किङ्ग शूल्क | ७५,०००। (पचहत्तर हजार) | दरभाउ-पत्र |
| ४ | होडिङ वोर्ड विज्ञापन सम्वन्धि सुचनाको शूल्क | २५,०००। (पच्चिस हजार) | दरभाउ-पत्र |

## शिलवन्दी बोलपत्र/ दरभाउ पत्र पेश गर्दा अपनाउनु पर्ने प्रक्रियाहरु तथा पालना गर्नु पर्ने शर्तहरु :-

(१) ठेक्का लिन इच्छुक व्यक्ति/फर्मले ठेक्का नं १ को सूचना प्रकाशित मितिले ३० (तिस) औं दिनको कार्यालय समय भित्र दि.सि.न.पा.को कार्यालय वाट रु.३०००।- र ठेक्का नं. २,३ र ४ को १५ (पन्ध्र) दिन भित्र १०००।- फिर्ता नहुने गरी दरभाउ पत्र टेण्डर फाराम खरिद गर्न सकिनेछ ।

(२) दरभाउपत्र खरीद गर्दा नागरिकताको प्रतिलिपी वा इजाजत पत्रको प्रमाणित प्रतिलिपी, करचुक्ता प्रमाण पत्र, कर दर्ता प्रमाण पत्र सहित निवेदन र रु.१०।- नगदै टिकट वापत पेश गर्नु पर्नेछ ।

(३) यो सूचना प्रकाशित भएको मितिले ठेक्का नं. १ को ३१ औं दिन र ठेक्का नं. २,३ र ४ को १६ औं दिनको दिउसो १२.०० वजे भित्र दि.सि.न.पा.कार्यालय डोटीमा आफूले कवोल गरेको अंकको ५% रकम धरौटी रा.वा.वैंक डोटी शाखामा यस कार्यालयको ग ४१००३०३००३०३६ खातामा जम्मा गरेको भौचर वा नगद राखी शिलवन्दी बोलपत्र/दरभाउ पत्रदर्ता गराई सक्नु पर्नेछ । र दर्ता हुन आएका सिलवन्दी बोलपत्र/ दरभाउ पत्र सोही दिनको २.०० वजे सम्वन्धित व्यक्ति/ फर्म/ प्रतिनिधीहरुको रोहवरमा खोलीने छ साथै सम्वन्धित व्यक्ति वा फर्मको प्रोपराईटर अनुपस्थित रहेमा शिलवन्दी दरभाउ पत्र खोल्न कार्यालय लाई वाधा पर्ने छैन ।

(४) शिलवन्दी बोलपत्र/ दरभाउ पत्र खरिद वा दर्ता गर्ने अन्तीम मितिमा सार्वजनिक विदा पर्न गएमा सो सम्वन्धी कार्य कार्यालय खुलेका दिनमा हुने छ ।

(५) ठेक्का सदर भई सकेपछि सम्झौता गर्दाका वखत आफूले कवोल गरेको कुल रकम एकमुष्ट बुझाउन सक्नेछ । एकमुष्ट बुझाउन नसक्नेको हकमा ५०% रकम पहिलो किस्ता वापत सम्झौता गर्दा जम्मा गर्नुपर्ने छ र दोश्रो किस्ता चैत्र मसान्त भित्र बुझाउनु पर्नेछ र दोस्रो किस्ताको हकमा यस कार्यालयको नाममा २०७७ साल चैत्र मसान्त सम्म म्याद भएको बैंक जमानत पत्र समेत पेश गर्नु पर्नेछ ।

(६) स्वीकृत फर्मको धरौटी रकम फिर्ता गर्न यस कार्यालयमा बुझाउनु पर्ने सम्पुर्ण रकम बुझाए पछी कर चुक्ता प्रमाण पत्र यस कार्यालयमा पेश गरेमा मा मात्र फिर्ता गरिने छ ।

(७) शिलवन्दी बोलपत्र/ दरभाउ पत्र पेश गर्दा खाम वाहिर स्पष्ट वुझिने गरी ठेक्का कार्यको नाम उल्लेख गरेको हुनु पर्नेछ ।

(८) शिलवन्दी बोलपत्र/दरभाउ पत्रमा अंक र अक्षरमा स्पष्ट लेख्नु पर्ने छ ।अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ ।

(९) ठेक्का वन्दोवस्त हुने विषयमा उठाउन पाईने करका दरहरु यस कार्यालयवाट प्राप्त गर्न सकिनेछ ।

(१०)व्यक्ति,फर्मले वुझाउनु पर्ने सम्पूर्ण करहरु कवोल गर्ने व्यक्ति,फर्मले वुझाउनु पर्नेछ ।

(११)शुल्क उठाउने ३ प्रति भएको रसिद कार्यालयमा ल्याई उक्त रसिदको सि.नं. कार्यालयमा दाखिला गराई कार्यालय प्रमुखवाट प्रमाणित गराएर मात्र कर दस्तुर को लागि उक्त रसिद प्रयोगमा ल्याउनु पर्नेछ ।

(१२)ठेक्का स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहने छ ।

(१३) सम्मानित अदालत, नेपाल सरकार, दि.सि.न.पा.कार्यालय वाट हुने निति निर्देशन तथा आदेशको पालना गर्नु गराउनु र लागू गर्नु व्यक्ति फर्मको कर्तव्य एंव दायित्व हुनेछ । निति निर्देशन वा आदेशको पालनाको कारणवाट कुनै हानी नोक्सानी हुन गएमा क्षतिपूर्तिको दावी व्यक्ति फर्मले दि.सि.न.पा.संग गर्न पाउने छैन ।

(१४)यस विषयमा थप जानकारी चाहिएमा दि.सि.न.पा.कार्यालय राजश्व शाखामा सम्पर्क राख्न सकिनेछ ।

(१५)अन्य कुराहरु प्रचलित कानून वमोजिम हुनेछ ।

(१६)प्रयोगमा ल्याईएका रसीद ठेलीहरु ठेक्का सम्झौताको अवधि समाप्त भएको १ (एक)हप्ता भित्र कार्यालयमा बुझाउनु पर्नेछ ।

खेमराज गुरुङ्ग
प्रमुख प्रशासकिय अधिकृत